**Kalika Prabha : Journal of Multidisciplinary Studies**
[ISSN:- 3021-9388 (Print)]
Published by Kalika Sanskrit Vidyapeeth (RMC) Nawalpur, Nepal
https//www.ksv.edu.np

# शोधप्रस्ताव लेखनको संस्कृतशास्त्रीय शैली

**प्रकाश तिवारी (विद्यावारिधि)**

*सहप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय*

***Article History :*** *Received : 12th, Jan. 2026; Reviewed: 8th, March 2026; Accepted: 13th; June, 2026*
***Corresponding Author*** *: Prakash Tiwari, PhD* ***E-mail :*** *p85tiwari @gmail.com*
***DOI :*** *https://doi.org/10.3126/kp.v4i1.97034* ***ORCID****: https://orcid.org/0009-0004-8507-7548*

## लेखसार

*कुनै पनि विषयमा नयाँ तथ्यको खोज, स्थापित तथ्यहरूको पुनः परीक्षणद्वारा सत्यापन, विद्यमान त्रुटिहरूको निराकरण, अज्ञात तथ्यको उद्घाटन तथा ज्ञात तथ्यको विशिष्टीकरण एवं विषयवस्तुलाई थप स्पष्ट बनाउने प्रक्रियालाई शोध भनिन्छ। सत्यतथ्यको खोजीका लागि गहिरो स्तरमा गरिने प्राज्ञिक परिशुद्ध परीक्षण कार्यलाई नै शोधकार्य भनेर परिभाषित गर्न सकिन्छ। प्रमाणद्वारा परीक्षण गरी निष्कर्ष निकाल्ने प्रक्रियालाई शोध शब्दले सङ्केत गर्दछ। नयाँ ज्ञानको खोज, आविष्कार, विकास, पुनः परीक्षण, परिशोधन, संशोधन र अनुसन्धानका माध्यमबाट कुनै सिद्धान्तको विकास वा पुष्टि गर्नु नै शोधको प्रक्रिया हो। अनुसन्धान, अन्वेषण, पर्येषण, गवेषण, सन्धान आदि शब्दलाई शोध शब्दको पर्यायवाची शब्दका रूपमा लिन सकिन्छ।*[1] *कुनै विषयमा आधारित रहेर अनुसन्धान गर्ने सोच, सङ्कल्प, अठोट, प्रतिज्ञा, योजना वा अवधारणा खुलासा गर्ने स्वरूपलाई शोधप्रस्ताव भन्न सकिन्छ। यस्तो प्रस्ताव किन आवश्यक पर्दछ ? यो कसरी तयार पारिन्छ ? अथवा कसरी लेखिन्छ ? भन्ने जस्ता जिज्ञासा समाधानको आधारलाई शोध–प्रस्ताव लेखन शीर्षकले सङ्केत गर्दछ। विषयगत विधा, क्षेत्र, विधि वा रूचि आदिका आधारमा अनुसन्धान प्रस्तावका विभिन्न स्वरूप हुनसक्छन्। प्रस्तुत अवधारणापत्रमा शोधप्रस्ताव लेखनको संस्कृतशास्त्रीय शैली वा त्यसको ढाँचाका बारेमा सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ।*

**शब्दकुञ्जी -** अनुसन्धानप्रस्ताव, अनुसन्धानविधि, पौरस्त्यशोध, शास्त्रीयशोधप्रस्ताव, संस्कृतशोधप्रस्ताव।

[1] कार्यकारणभावस्य द्रव्याणां गुणकर्मणोः। परीक्ष्य स्थापनं सम्यगनुसन्धानमुच्यते ॥
अन्वेषणं पर्येषणं गवेषणमथापि च। शोध इत्यादि पर्य्यायैर्लोके समभिधीयते ॥ बृहद्ब्रह्मसंहिता, आ. अ. प. ३ पृ.। उद्धृतः,
अनुसन्धानप्रकाशः, हरिप्रसादशर्मा–आचार्यः, स्थानेश्वर–गौतमः, त्रिवि–केन्द्रीय–संस्कृत– विद्यापीठम्, दाङ, २०४२ वै., १ पृ.।

## पृष्टभूमि

सृष्टिको प्रारम्भदेखि नै अनुसन्धानको प्रक्रिया निरन्तर चलिरहेको पाइन्छ। परिवर्तनशील संसारमा प्रकृतिसँगै समाजका विविध पक्षहरूमा पनि निरन्तर परिवर्तन भइरहेकै हुन्छ। ज्ञानका विषयहरू र शोधका क्षेत्रहरू पनि अत्यन्तै व्यापक रहेका कारण समयअनुसार विभिन्न वाङ्मयलाई आधार मानी सबै क्षेत्रमा सत्य र ज्ञानको खोजीका लागि प्रयास गरिँदै आएको पाइन्छ। हाम्रो राष्ट्रको सभ्यता, संस्कार, संस्कृति, व्यवहार, परम्परा जस्ता विभिन्न विषयसँग सम्बन्धित शिलालेख, भाषा र साहित्य आदिको यथार्थ अवस्थाको ज्ञान प्राप्त गर्नका लागि अनुसन्धान अत्यन्तै आवश्यक हुन्छ।

विशिष्ट उद्देश्य पूर्तिका लागि कुनै संस्थाबाट विशेष परियोजनाअन्तर्गत रहेर सञ्चालित हुने प्राज्ञिक कार्यलाई अनुसन्धान वा शोध कार्य भन्ने गरिन्छ। यदि कसैले त्यस्तो परियोजनामा संलग्न भई अनुसन्धान गर्न चाहन्छ भने, सम्बन्धित संस्थाले उपलब्ध गराएको निर्देशअनुसार सो विषयमा प्रस्ताव तयार पार्न आवश्यक हुन्छ। केही संस्थाहरूले आफ्नो आवश्यकता अनुसार अनुसन्धान प्रस्तावमा उल्लेख गरिनुपर्ने अङ्गहरूको समावेशसहितको एउटा प्रारूप (फर्मेट/पञ्जिका) निर्धारण गरेका हुन्छन्। त्यस प्रारूप प्राप्त भएपछि सो अनुसार शीर्षकसहित विवरणहरू भरी सम्बद्ध संस्थामा प्रस्ताव पेस गर्नुपर्छ र शोधप्रस्ताव स्वीकृत भएपछि मात्र अनुसन्धान कार्य औपचारिक रूपमा प्रारम्भ हुन्छ। अनुसन्धान केन्द्रबाट शोधप्रस्तावको प्रारूप उपलब्ध नभएका खण्डमा शोधार्थी आफैँले शोधप्रस्ताव तयार पार्नुपर्छ।

## विषय परिचय

शोधप्रस्ताव लेखनको संस्कृतशास्त्रीय शैली यस पत्रको शीर्षक रहेको छ। कुनै विषयमा अनुसन्धान गर्नका लागि कुनै संस्थाले दिएको ढाँचामा अनुसन्धानको प्रारूपको प्रस्तुति शोधप्रस्ताव हो। शीर्षकमा रहेको संस्कृतशास्त्रीय भन्ने पदले संस्कृतशास्त्रले निर्देश गरेको विषयगत अनुसन्धान पद्धतितर्फ ध्यानाकृष्ट गर्छ। विषयगत अनुसन्धानले मङ्गलाचरणदेखि लिएर अनुबन्धचतुष्टय, शास्त्रको स्वरूप, शास्त्र वा ग्रन्थको शास्त्रत्व वा ग्रन्थत्व मूल्याङ्कन गर्ने आधारस्वरूप प्रस्तुत तात्पर्य निर्णयका अङ्ग र प्रक्रियासम्मको समग्र प्रविधिको निर्देश गर्दछ। तसर्थ त्यस्ता संस्कृतशास्त्रीय ग्रन्थ वा पुराणादिसँग सम्बद्ध भएर गरिने प्रस्तावित अनुसन्धानका लागि शोधप्रस्ताव तयार गर्दा यी पक्षहरूसँग सम्बद्ध भएर स्पष्टीकरण दिनु अत्यावश्यक हुन्छ। प्रस्तुत कार्यपत्रका सन्दर्भमा आरम्भमा नटराजेश्वरविषयक नमस्कारात्मक मङ्गलपद्य प्रस्तुत गरी मङ्गलाचरण गरिएको छ। यसको विषय संस्कृतशास्त्रीय मान्यताका आधारमा शोधप्रस्ताव निर्माण गर्ने शैलीका बारेमा मार्गनिर्देश गर्नु हो। यसका अधिकारी संस्कृतवाङ्मयका विधामा अनुसन्धान गर्नका लागि निर्माण गर्नु पर्ने शोधप्रस्तावका विषयमा जान्न चाहने अनुसन्धानाभिलाषी वर्ग हुन्। यसको प्रयोजन संस्कृतशास्त्रीय शोधप्रस्ताव निर्माणका विषयमा आधारभूत अवधारणालाई प्रस्तुत गर्नु हो। विषय र कार्यपत्रका बिचमा प्रतिपाद्य–प्रतिपादकभाव सम्बन्ध रहेको छ। विधिका हिसाबले संस्कृतशास्त्रीय अनुसन्धानका लागि अनुसरण गर्नु पर्ने

भनी नेपाल र भारतका विद्वान्हरूले तयार पारेका केही ग्रन्थ र विभिन्न कार्यपत्रको अध्ययनबाट प्राप्त सामग्रीका आधारमा पाश्चात्य अनुसन्धान पद्धतिका शोधप्रस्ताव निर्माण शैलीसम्बन्धी मार्गनिर्देशलाई समायोजन गर्दै यहाँ संस्कृतशास्त्रीय शोधप्रस्ताव निर्माण शैलीका विषयमा विवेचन गरिएको छ।

## समस्याकथन

आधुनिक विषयका अनुसन्धानहरूका शोधप्रस्तावमा हुने अङ्गहरू नै संस्कृतवाङ्मयसम्बद्ध अनुसन्धानमा पनि उपयोग हुन्छन्। तर संस्कृत अनुसन्धानमा यसको उपयोग र कथनको मौलिक एवं स्वकीय शैली वा ढाँचा रहेको हुन्छ। विषयगत अनुसन्धानको संस्कृत शास्त्रीय आचार संहितालाई हृदयङ्गम गर्दै विषयप्रकृति अनुरूपको ढाँचालाई संस्कृत अनुसन्धानमा प्रयोग गर्नु पर्दछ। **संस्कृत शास्त्रीय विधिमा आधारित भएर शोधप्रस्ताव निर्माण गर्ने पद्धतिको अभाव नै** यस विचारपत्रको आवश्यकतालाई सन्पुष्ट पार्ने मुख्य समस्या हो। यसै समस्यालाई मनन गरी संस्कृत शास्त्रीय विषयगत अनुसन्धानको आचार संहितालाई परिपालन गरी यो पत्र तयार पारिएको छ।

## उद्देश्यकथन

उल्लिखित समस्याको समाधानहेतु संस्कृत शास्त्रीय विषयानुसन्धान पद्धतिलाई आत्मसात गर्दै तदनुकूल शोधप्रस्तावको निर्माण गर्ने विधिको आदर्श नमुना तयार गर्नु यस विचारपत्रको उद्देश्य हो।

## शोधप्रस्तावको परिचय

संस्कृतको शुध्[2] (शौचे) धातुबाट व्युत्पन्न भएको **शोध** शब्दको अर्थ अन्वेषण गर्नु, जाँच गर्नु वा सत्यको खोज गर्नु भन्ने हुन्छ। वर्तमान शैक्षिक सन्दर्भमा शोध भन्नाले कुनै विशेष विषयको गहिरो अध्ययन, विश्लेषण, परीक्षण र तर्कसङ्गत निष्कर्षमा पुग्ने प्रक्रियालाई जनाउँदछ। संस्कृतवाङ्मयका सन्दर्भमा, शोध भनेको प्राचीन शास्त्र, साहित्य, दर्शन, व्याकरण, काव्य, धर्मशास्त्र आदि विविध विधाहरूको अध्ययन गर्दै तिनको शास्त्रसम्मत विश्लेषण गर्नु हो। औपचारिक रूपमा कुनै विषयमा अनुसन्धान गर्नका लागि सबैभन्दा पहिला सो विषयसँग सम्बन्धित एउटा योजना निर्माण गर्नुपर्दछ। यस्तो योजना नै अनुसन्धानको प्रारम्भिक रूप, योजना वा प्रस्तुति हो। अनुसन्धान प्राविधिक कर्म भएकाले निर्धारित ढाँचामा उद्देश्य प्राप्तिका लागि तयार पारिने प्रस्तावलाई नै **शोधप्रस्ताव** भनिन्छ।

शोधकर्ताले[3] कुन विषयमा, किन, कस्तो प्रयोजनले, कुन-कुन विधि अपनाएर, कति समय, श्रम, स्रोत र खर्च लगाएर अनुसन्धान गर्ने हो ? त्यस अनुसन्धानको औचित्य, महत्त्व र उपयोगिता के-के छन् ? र सो कार्य सम्पन्न

[2] दिवादि, परस्मैपदी सकर्मक, अनिट्, वैयाकरणसिद्धान्तकौमुदी, धातु क्रमसङ्ख्या ११९१।

[3] अमन्दोऽतनुवाग्वेत्ता शोधस्य विषये प्रधीः। तत्त्वसाक्षात्कृतौ दक्षो रागद्वेषविवर्जितः॥
सत्यनिष्ठो तटस्थश्च निर्भीकः प्रतिभान्वितः। युगबोधी गुरोर्भक्तः शोधकर्ता प्रकल्पते॥

भएपछि समाज, राष्ट्र वा मानव जातिलाई के-कस्तो लाभ पुग्छ ? यस्ता मुख्य बुँदाहरू समावेश गरिएको र अनुसन्धानको पूर्ण रूपरेखा स्पष्ट रूपमा प्रस्तुत गरिएको दस्तावेजलाई शोधप्रस्ताव भन्ने गरिन्छ। निश्चित अवधिको परियोजनाअन्तर्गत विभिन्न संस्थाहरूबाट सञ्चालन गरिने अनुसन्धान कार्यमा पनि सम्बन्धित संस्थाले तोकेको ढाँचाअनुसार प्रस्तावपत्र तयार गर्नुपर्दछ। विशेषतः प्राज्ञिक क्षेत्रका विश्वविद्यालयहरूमा कुनै तह पार गर्न वा कुनै लक्ष्य प्राप्त गर्नका लागि तोकिएको पाठ्यक्रमअनुसार शोधार्थीहरूबाट अनुसन्धान गरिन्छ। यस्तो अनुसन्धान सुरु गर्नु अगावै, त्यस अनुसन्धानको स्पष्ट योजना सार्वजनिक गर्न शोधप्रस्ताव प्रस्तुत गर्नु अनिवार्य हुन्छ। उक्त प्रस्तावको मूल्याङ्कनबाट स्वीकृति प्राप्त गरेपछि मात्र अनुसन्धानकर्ताले अनुसन्धानका लागि अधिकार प्राप्त गर्दछ।

शोधकार्यको औपचारिक सुरुवातका लागि शोधप्रस्ताव मुख्य आधार हो। प्रस्तावले अनुसन्धान कार्य व्यवस्थित रूपमा सम्पादन गर्न मार्गदर्शन गर्छ। कुनै परियोजनाको निर्देशन, मूल्याङ्कन र कार्यान्वयनका लागि पनि प्रस्ताव नै आधारभूत साधन हो। शोधप्रस्तावमा गर्न लागिएको अनुसन्धान कार्यको पूर्वरूप स्पष्ट रूपमा उल्लेख गरिनुपर्छ। अनुसन्धानको प्रकृति, कार्य पद्धति, कार्य क्षेत्र, आवश्यक सामग्री, अनुमानित खर्च, अनुसन्धान अवधि आदि विषयहरूमा अनुसन्धानकर्ताको पूर्वानुमान स्पष्ट रूपमा राख्नुपर्छ। शोधप्रस्तावमा सामान्यतया भविष्यकाल जनाउने क्रियापद प्रयोग गरिन्छ।

## शोधप्रस्ताव तयार गर्नुपूर्व अवश्यकर्तव्य कार्यहरू

कुनै पनि अध्ययनको शोधप्रस्तावविना अध्ययन अकस्मात् निर्माण गर्न सकिने विषय होइन। यसका लागि शोधार्थीको विषगत योग्यता र उनले अध्ययन गर्न चाहेको विषयका प्रति राख्ने दक्षता यी दुई महत्त्वपूर्ण पूर्वाधार हुन्छन्। यसले अनुसन्धाताको शक्तिको पहिचान दिन्छ। त्यसका आधारमा पहिले त आफूले रोजेको विषयगत अध्ययनसँगै त्यसको गाम्भीर्य बोध गरी अनुसन्धानको क्षेत्र पत्ता लगाउने कार्य सम्भव हुन्छ। त्यसर्थमा शोधप्रस्ताव निर्माण गर्नुपूर्व शोधार्थीले अवश्य गर्नुपर्ने कार्यहरूलाई लिएर यहाँ केही खुलासा दिइन्छ।

## विषयसम्बद्ध वाङ्मयको अध्ययन

संस्कृत विश्वविद्यालयमा वेद, वेदाङ्गादि शास्त्रीय विषयअन्तर्गत वेद, व्याकरण, न्याय, मीमांसा, धर्मशास्त्र, ज्योतिष, साहित्य, इतिहासपुराण आदि विविध विषयहरूको अध्ययन–अध्यापन सञ्चालनमा रहेको छ। ती विषयहरू छुट्टाछुट्टै भएकाले, ती प्रत्येकसँग सम्बन्धित वाङ्मय (साहित्य/ग्रन्थ परम्परा) पनि फरक–फरक हुन्छ। त्यसैले शोधार्थीले आफूले रोजेको विषय विचार गरेर, त्यससँग सम्बन्धित सम्पूर्ण वाङ्मय (ग्रन्थ–परम्परा, विद्वत्–परम्परा, वैचारिक

प्रो. रहस विहारी द्विवेदी, साहित्यानुसन्धानावबोधप्रविधिः, शिववाङ्गनिमेधा प्रकाशनम्, ६१५, ग्रीनसिटि, माढोताल, ४८००२, जबलपुर, १७ पृ.।

धाराहरू)को अध्ययन गर्न तत्पर हुनुपर्दछ। यस सन्दर्भमा अनुसन्धानको प्रारम्भिक तयारीस्वरूप केही आवश्यक प्रश्नहरूको जानकारी सङ्कलन अत्यावश्यक हुन्छ, जस्तै:

- आफूले रोजेको विषयसँग सम्बन्धित कुन–कुन ग्रन्थहरू छन् ?
- ती ग्रन्थहरूमा के–के विषयहरू प्रतिपादित छन् ?
- ती ग्रन्थहरूको मूल्य के कस्तो छ ?
- समाजमा, व्यवहारमा, शैक्षिक वा सांस्कृतिक क्षेत्रमा त्यसको उपयोगिता के कस्तो छ ?
- सो विषयमा विगतमा के–कस्तो अनुसन्धान भइसकेको छ ?
- अहिले पनि अनुसन्धान गर्न बाँकी रहेका पक्षहरू वा प्रश्नहरू के–के छन् ?
- कुन–कुन पक्षलाई आधार मानेर अबको अनुसन्धान अगाडि बढाउन सकिन्छ ?

यस्ता विषयहरूमा जानकारी प्राप्त गर्न आफ्नो विषयसँग सम्बन्धित वाङ्मयको गहिरो अध्ययन गर्नु अनिवार्य हुन्छ।

## शोधक्षेत्रको चयन

आफ्नो विषयसँग सम्बन्धित वाङ्मयको अध्ययनपश्चात् शोधार्थीहरूले कुन विषय क्षेत्रमा अनुसन्धान सम्भव हुन्छ भन्ने कुरा थाहा पाउन सक्छन्। वाङ्मयको तुलनामा शोध क्षेत्र भने केही सीमित र सङ्कुचित हुन्छ। एक व्यापक विषय क्षेत्रबाट आफ्नो रुचिअनुसार अनुसन्धाका लागि उपयुक्त विषयको क्षेत्र निर्धारण गर्नुपर्दछ। अध्ययनको क्रममा वाङ्मयमा कुन पक्षमा विशेष अनुसन्धानको आवश्यकता छ भन्ने कुरा बुझ्न सकिन्छ। त्यस्तै, समाज वा राष्ट्रको आवश्यकतालाई ध्यानमा राखेर पनि कुन विषयमा अनुसन्धान गर्नु उपयुक्त हुन्छ भन्ने विचार गरेर शोध क्षेत्रको निर्धारण गरिनुपर्छ। कुन–कुन विषयमा अरू अनुसन्धानकर्ताहरूले पहिले नै अनुसन्धान गरिसकेका छन् र अहिले पनि कुन–कुन क्षेत्र बाँकी रहेका छन् भन्ने कुरा राम्ररी बुझ्नुपर्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, अनुसन्धानबाट संस्था, समाज वा राष्ट्रलाई के, कस्तो लाभ मिल्न सक्छ ? अनुसन्धानबाट के उपलब्धि हासिल गर्न सकिन्छ ? भन्ने कुरा पनि विषय क्षेत्र चयन गर्दा विशेष ख्याल गर्नुपर्दछ। यस प्रक्रियाले अनुसन्धानको शीर्षक निर्धारण र विषयको व्यवस्थापन गर्न सहजता प्रदान गर्छ। शोध कार्यमा मौलिकता र नवीनता कायम राख्नका लागि शोधकर्ताले स्पष्ट र सटीक विषय क्षेत्र चयन गर्नुपर्छ। त्यसैले सानो, तर विचारणीय समस्यामा आधारित क्षेत्र रोजेर अनुसन्धान गर्नुपर्दछ। अनुसन्धानकर्ताको चिन्तन क्षमता उजागर गर्न र अनुसन्धानको मौलिकता जोगाउन साथै समस्यामा केन्द्रीत रहनका लागि **शोधसीमा** शीर्षकअन्तर्गत शोधको क्षेत्र–सीमा निर्धारण गरिनुपर्छ। यदि विषय–सीमा तय गरिएन भने अनुसन्धान अनियन्त्रित र दिशाहीन हुनसक्छ। अतः शोधको क्षेत्र चयनमा नै यसको सीमा र क्षेत्रका बारेमा स्पष्ट हुनु पर्दछ।

## सम्भाव्य शोधशीर्षकको पूर्वाकलन

वाङ्मयको अध्ययनपश्चात् अनुसन्धानका लागि स्वविषयसम्बद्ध क्षेत्रहरू के के रहेछन् भन्ने कुरा पनि वाङ्मयको अध्ययनबाट पत्ता लाग्छ। यस अध्ययनबाट शोधको अन्तराल आफ्नो विषयको व्यापक वाङ्मयभित्र कहाँनेर रहेछ भन्ने कुरा स्पष्ट हुन्छ नै। यति गर्दासम्म आफूले शोध गर्न लागेको विषयका सम्बन्धमा त्यसभन्दा अगाडि भए गरेका शोध अनुसन्धानमूलक आलेख निर्माण अथवा शोधपत्रलेखन र अन्य प्रकारका सम्बद्धसामग्रीबाट आफ्नो शोधक्षेत्रसँग सम्बद्ध विषयको पछि शोधप्रस्तावमा अनिवार्य रूपमा समावेश गर्नै पर्ने पूर्वकार्यको पनि आकलन गर्नुपर्छ। वाङ्मयको अध्ययनबाट स्पष्ट नभएको शोधान्तराल पूर्वकार्यसम्बन्धी पक्षहरूको अन्वेषणबाट पत्ता लगाउनु पर्छ। यी सबै अध्ययनबाट शोध तथा अनुसन्धानको न्यूनता फेला पारिसकेपछि त्यहीँनेरबाट आफूले अध्ययन गर्ने शोधशीर्षकका सम्भाव्य ढाँचाहरू अथवा नमुनाहरू तयार गर्न सकिन्छ। त्यसपछि दुई चार वटा सम्भाव्य शीर्षकहरू लिएर तिनीहरूमध्येमा पनि सामाजिक उपयोगिताका दृष्टिले बढी महत्त्व राख्ने र उपलब्धिमूलक हुनसक्ने जुन शीर्षक हुन्छ त्यसमै अध्ययन गर्ने गरी शोधप्रस्ताव निर्माण गर्दा सहज हुन्छ।

## संस्कृत शोधप्रस्तावको स्वरूप

संस्कृत वाङ्मयसम्बद्ध शोधप्रस्तावलाई सुव्यवस्थित एवं सुसङ्गठित रूपमा प्रस्तुत गर्नका लागि शोधप्रस्ताव योजना बनाउनु बढी सान्दर्भिक ठहर्छ। अनुसन्धानको व्यवस्थापन शोधप्रस्ताव तयार पार्दादेखि नै प्रारम्भ हुन्छ। सुव्यवस्थित शोधप्रस्तावले सुव्यवस्थित भावी अनुसन्धानको मार्गचित्रको स्पष्ट रेखाङ्कन गर्ने हुनाले यसलाई व्यवस्थित बनाउनका लागि पौरस्त्य एवं पाश्चात्य अनुसन्धान विधिका माध्यमबाट विभिन्न निर्देशिका र निदर्शिका प्रस्तुत गरिएका भेटिन्छन्। संस्कृत वाङ्मयसम्बद्ध ग्रन्थरचना र कतिपय अनुसन्धानका प्रबन्धहरूमा समेत आरभ्ध कार्यको निर्विघ्नतापूर्वक परिसमाप्ति होस् भन्ने हेतुले आरम्भमा मङ्गलाचरण गर्ने शिष्टपरम्परा देखिन्छ। मङ्गलाचरणसँगै ग्रन्थको विषय, ग्रन्थको अधिकारी, ग्रन्थको प्रयोजन र ग्रन्थ तथा विषयका बिचको सम्बन्धलाई स्पष्ट पार्ने गरिन्छ। अनुसन्धानका माध्यमबाट समाजोपयोगी विशिष्ट ग्रन्थस्वरूपको शोधप्रबन्ध तयार पारिने हुनाले अनुसन्धानको प्रस्ताव निर्माण गर्दा समेत मङ्गलाचरण र अनुबन्धचतुष्टयको सङ्केत गर्ने आचारसंहिताको पालना गर्नु उपयुक्त हुन्छ।

तर हाल निकट विगतमा सम्पन्न भएका र अनुसन्धानकै चरणमा रहेका शोधकर्ता एवं शोधार्थीले शोधप्रस्ताव तयार पार्दा अथवा शोधप्रबन्धको अन्तिम स्वरूप तयार भै वाक्परीक्षाका लागि सम्बद्ध अनुसन्धान केन्द्रमा प्रस्तुत गर्दा समेत मङ्गलाचरण र अनुबन्धचतुष्टयको स्पष्टीकरण अनिवार्य रूपमा गर्नुपर्ने संस्कृतशास्त्रीय अनुसन्धान निर्देशिकाको मर्यादालाई कहीँ कतै पालना गरेको देखिँदैन। त्यसकारणले आगामी दिनमा संस्कृतशास्त्रीय अनुसन्धान विधिको अक्षरशः पालना गर्ने र तदनुकूल अनुसन्धान सम्पन्न गर्ने उद्देश्यको परिपूर्तिका लागि यहाँ शोधप्रस्ताव निर्माण गर्दा उपर्युक्त दुई पक्षलाई अनिवार्य रूपमा सम्बोधन गर्न सुझाइएको हो। मङ्गलाचरण र अनुबन्धचतुष्टयको स्वरूप

तथा प्रकारका विषयमा संस्कृतका मीमांसा आदि दर्शनग्रन्थबाट बोध गर्न सकिन्छ। यसको प्रस्तुति शोधप्रस्तावभित्र शीर्षक परिचय, पृष्ठभूमि, विषयप्रवेश जस्ता शीर्षकअन्तर्गत पर्ने गरी अनुबन्धचतुष्टयलाई र उपक्रमभन्दा पहिले प्रस्तावित शीर्षकको तलतिर आफ्नै रचना स्वरूपको कुनै पद्यद्वारा मङ्गलाचरणलाई प्रस्तुत गर्न सकिन्छ।

भारतीय विद्वान् भागीरथप्रसाद त्रिपाठी (वागीश शास्त्री)को **अनुसन्धानपद्धतिः**[4], प्रभुनाथ द्विवेदीको **संस्कृत शोधप्रविधि**[5] सत्यनारायण आचार्यको **संस्कृतशोधप्रविधिः**[6] नामक पुस्तकहरूमा संस्कृतशोधको स्वरूपलाई सङ्केत गरेका छन्। संस्कृत स्वरूपलाई उल्लेख गरेका छन्। हरिप्रसादशर्मा आचार्य र स्थानेश्वर गौतमले **अनुसन्धानप्रकाशः** नामक पुस्तकमा शोधप्रस्तावको ढाँचा प्रस्तुत गरेका छन्।[7] केही नेपाली विद्वानहरूले **शोधविधि** नामक पुस्तकमा शोधप्रस्तावको घटकतत्त्व वा अङ्गहरूलाई विभिन्न शीर्षकमा देखाएका छन्।[8] नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रबाट प्रकाशित **अनुसन्धानप्रकाश**[9] पत्रिकाका विभिन्न अङ्कहरूमा पनि शास्त्रीय अनुसन्धानप्रस्तावका सम्बन्धमा केही सामग्रीहरू प्रकाशित भएका छन्। नेपाली विद्वान् दयाराम श्रेष्ठले **साहित्यको अनुसन्धान व्यवस्थापन** पुस्तकको परिशिष्ट **ग**अन्तर्गत शोधप्रस्तावको ढाँचा शीर्षकमा शोधप्रस्तावको सङ्गठन देखाएका छन्।[10] शोधप्रबन्धको स्वरूपलाई व्यवस्थित एवं सिलसिलाबद्ध रूपमा मिलाउनु उचित हुन्छ। प्रकाश तिवारीद्वारा लिखित तथा जीवन अधिकारीद्वारा निर्देशित एवं सम्पादित **अनुसन्धानपद्धतिः** नामक पुस्तकमा अनुसन्धानप्रस्तावका लागि अलग्गै शोधप्रस्तावनिर्माणम् शीर्षकको अध्याय नै राखेर उदाहरणसहित प्रस्तुत गरिएको छ।[11] अनुसन्धान प्रस्तावको स्वरूप, ढाँचा र अङ्गहरूका विषयमा पौरस्त्य एवं पाश्चात्य सिद्धान्तसम्बद्ध विभिन्न पुस्तक तथा विद्वान्हरूका विचार, कार्यपत्र तथा अवधारणापत्रहरूका आधारमा सामान्य अवधारणा यस विचारपत्रका माध्यमबाट प्रस्तुत गरिन्छ।

## शोधप्रस्तावका अङ्गहरू

शोधकार्यलाई सुव्यवस्थित रूपमा अगाडि बढाउन शोधप्रस्तावमा अनिवार्य समावेश गरिने विवरणलाई शोधप्रस्तावका अङ्गहरू भनिन्छ। सामान्यतया शोधप्रस्तावमा **शोधशीर्षक, शोधप्रयोजन, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यसमीक्षा, शोधान्तराल, प्राक्कल्पना, शोधविधि, शोधको औचित्य, महत्त्व र उपयोगिता,**

---

[4] अनुसन्धानपद्धतिः भागीरथप्रसाद–त्रिपाठी वागीश–शास्त्री (सम्पा.), सारस्वती–सुषमा, वर्षः २३, अङ्कः २, वर्षः २३, अङ्कः ३, सम्पूर्णानन्द–संस्कृत–विश्वविद्यालयस्यानुसन्धानकेन्द्रः, वाराणसी, २०२५ वै.।

[5] संस्कृतशोधप्रविधिः, प्रभुनाथ–द्विवेदी (लेखकः), सुरेशचन्द्र चौवे (सहलेखकः), शारदा संस्कृत संस्थान, वाराणसी, (द्विसं.), २०१७ क्रै.।

[6] संस्कृतशोधप्रविधिः सत्यनारायण आचार्यः (सम्पादक), श्रीमती सौदामिनी त्रिपाठी, सिद्धमहावीरपाटणा, पुरी, उडिसा, पुनर्मुद्रणम् २०१२ क्रै।

[7] अनुसन्धानप्रकाशः, हरिप्रसादशर्मा–आचार्यः, स्थानेश्वर–गौतमः, त्रिवि–केन्द्रीय–संस्कृत–विद्यापीठम्, दाङ, २०४२ वै.।

[8] शोधविधि, मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, साझा प्रकाशन, ललितपुर, तेस्रो संस्करण, २०६२ वै.।

[9] अनुसन्धानप्रकाशः, (सबै अङ्कहरू) नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रः, काठमाडौँ, २०६५–७३ वै.।

[10] साहित्यको अनुसन्धान व्यवस्थापन, (दोस्रो संस्करण) दयाराम श्रेष्ठ, शिखा बुक्स, बागबजार, काठमाडौं, २०७९ वै.।

[11] अनुसन्धानपद्धतिः, प्रकाशतिवारी (ग्रन्थकारः), जीवन–अधिकारी (सम्पा.), श्रीमती सङ्गीता भण्डारी, काठमाडौँ, २०८१ वै.।

**शोधसीमाङ्कन, शोधप्रबन्धको प्रारूप, शोधको योजना, समयावधि, सन्दर्भसूची**लगायतका अङ्गहरू समावेश गरिएका हुन्छन् । प्रस्तुत अवधारणापत्रमा यिनै विषयहरूलाई सङ्क्षेपमा चर्चा गरिन्छ ।

## *शीर्षक चयन*

अनुसन्धानको क्रममा वा अनुसन्धान कार्य प्रारम्भ गर्नुभन्दा पहिला शोधशीर्षक चयन गर्नु अत्यन्त आवश्यक हुन्छ । यो कार्य शोधप्रस्ताव तयार पार्ने वेलामा नै निश्चित गर्नुपर्छ । शोधको शीर्षक छोटो, अनुसन्धानको विषय क्षेत्र झल्काउने र समस्यमा आधारित हुनुपर्छ भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ । सम्बन्धित वाङ्मयलाई गहिरोसँग अध्ययन गरी, त्यहाँ विद्यमान समस्यालाई पहिचान गरी त्यसको समाधानका लागि अनुसन्धान गरिने भएकाले शीर्षकले ती सबै पक्षहरूलाई प्रतिबिम्बित गर्न सक्नुपर्छ । यस कार्यमा अत्यन्त सावधानी अपनाउनुपर्छ । जसरी शरीरमा शिर (टाउको) सबैभन्दा महत्त्वपूर्ण भाग मानिन्छ, त्यसैगरी अनुसन्धानमा शीर्षक पनि सबैभन्दा महत्त्वपूर्ण पक्ष हो भन्ने कुरा बिर्सनु हुँदैन । शोधशीर्षक सारगर्भित र छोटो हुनु आवश्यक हुन्छ । जसरी सूत्र तथा सूक्तिहरू थोरै अक्षरमा गहन अर्थ दिने गरी बनाइन्छन्, त्यसरी नै शोधशीर्षक स्पष्ट, अर्थपूर्ण, सन्देहरहित र आवश्यक विवरण समेट्न सक्ने हुनुपर्छ । पाराशर उपपुराणमा सूत्रको परिचय दिन भनिएको छः

**अल्पाक्षरमसन्दिग्धं सारवद्विश्वतोमुखम् ।**

**अस्तोभमनवद्यं च सूत्रं सूत्रविदो विदुः ॥**[12]

थोरै अक्षरयुक्त, असन्दिग्ध अर्थात् अस्पष्ट नभएको, अर्थपूर्ण, सबै दिशाबाट उपयुक्त, अनावश्यक शब्दविहीन र दोषरहित कुरा नै सूत्र हो । त्यसै आधारमा शोधशीर्षक पनि प्रस्तुत सूत्र जस्तै विशिष्ट, सघन तथा स्पष्ट हुनु पर्दछ ।

अतः सूत्रमा लागु हुने गुणहरू विचार गरेर, त्यसैअनुरूप गहिरो सोचविचार गर्दै शीर्षक निर्धारण गर्नुपर्छ । सुरुमा अनुसन्धान समस्या पहिचान गरेपछि त्यसकै आधारमा शीर्षक निर्धारण गर्नुपर्छ । कतिपय पुस्तकहरूमा यसै कार्यलाई **विषयचयन** पनि भनिएको पाइन्छ । अनुसन्धानयोग्य विषयहरू विभिन्न समस्यासँग सम्बन्धित, बहुआयामिक र जटिल हुनसक्छन् । तर, शीर्षक भने मुख्य पक्षलाई झल्काउने र स्पष्ट हुनुपर्छ । शीर्षक निर्धारणको क्रममा अनुसन्धानयोग्य विषयको गहिरो अध्ययन गर्नुपर्छ । यस क्रममा अनुसन्धान–सम्बद्ध कतिपय पक्षहरू अझै बाँकी छन् वा छैनन् भन्ने कुरा समेत पहिल्याउनुपर्छ ।

त्यसैगरी, उक्त विषयमा अनुसन्धान भएमा राष्ट्र वा समाजलाई के–कस्तो लाभ पुग्न सक्छ भन्ने कुरा पनि सोच्नुपर्छ । शोधविषय अनुसन्धानकर्ताको ज्ञानको क्षेत्रभित्र पर्ने व्यावहारिक र उपयुक्त हुनुपर्छ । शोधार्थीले पहिले

[12] पाराशरोपपुराणम्, १८।१३॥, कपिलदेवत्रिपाठी (सम्पा.), सम्पूर्णानन्द–संस्कृत–विश्वविद्यालयः, वाराणसी, २०४६ वि.सं., ९० पृ. ।

हेर्नुपर्छ कि कुन विषय क्षेत्र सामाजिक दृष्टिकोणले सबैभन्दा उपयुक्त छ। त्यसपछि त्यही विषयक्षेत्रलाई आधार मानी शोधशीर्षक निर्धारण गर्नुपर्छ। शीर्षक स्पष्ट, थोरै शब्दमा सम्पूर्ण विषयको सङ्केत दिने हुनुपर्छ। अनुसन्धानमा समावेश सबै विषयहरू बुझेको आधारमा अस्पष्टता पूरै हटाउनु पर्छ। त्यसबाहेक, सबै समस्या–सम्बन्धित विषयहरू एउटै अनुसन्धानमा समेट्न सम्भव हुँदैन। कतिपय विषयहरू एउटै समस्या अन्तर्गत आउन सक्छन्, तर सबैलाई एउटै अनुसन्धानमा लिपिबद्ध गर्नु व्यावहारिक हुँदैन। त्यसैले अनुसन्धान सन्तुलित, स्पष्ट र यथा समयमै पूर्ण होस् भन्ने लक्ष्यका साथ शोधशीर्षक चयन गर्दा अत्यन्त सतर्कतापूर्वक विचार गर्नुपर्छ। शीर्षक सुन्दा नै अनुसन्धानको समस्या र त्यसको क्षेत्र स्पष्ट रूपमा बुझिनु पर्छ भन्ने कुरा पहिल्यै सोच्नु आवश्यक हुन्छ। जुन विषयमा पहिले नै राम्रो ज्ञान वा तयारी छ, त्यसमा शीर्षक चयन गरेपछि अनुसन्धान कार्य सजिलै सम्पन्न गर्न सकिन्छ। शोधप्रस्तावमा शीर्षक लेख्ने क्रममा सामान्यतया भविष्यसूचक क्रियापद प्रयोग गरिन्छ।

## *शोध प्रयोजनको कथन*

प्र–उपसर्गपूर्वक युज् (युजिर् योगे[13]) धातु बाट, ल्युट् प्रत्यय गरी 'प्रयोजन' शब्दको निर्माण हुन्छ। व्युत्पत्तिअनुसार, जसको आधारमा कुनै कार्य प्रारम्भ गरिन्छ, त्यसलाई नै प्रयोजन भनिन्छ। केही वस्तु प्राप्त गर्न वा त्याग गर्न गरिएको प्रयास, त्यसबाट प्राप्त हुने उपलब्धि वा त्याग नै प्रयोजन हो। यस अर्थमा, प्रयोजन नै कुनै कार्यको प्रेरणा वा कारण हो, चाहे त्यो प्रवृत्तिका लागि होस् वा निवृत्तिका लागि। जसरी भनिएको छ— **प्रयोजनमनुद्दिश्य न मन्दोऽपि प्रवर्तते**, अर्थात्, कुनै मूर्ख मानिसले पनि प्रयोजनबिना कुनै कार्य गर्दैन। त्यसैले स्पष्ट हुन्छ कि शोधकार्य पनि निश्चित उद्देश्यसहित नै गरिन्छ। त्यसैले यसको कुनै न कुनै प्रयोजन अवश्य हुनुपर्छ। सोपाधिक (प्रमाणपत्र/पदवी प्रदान गरिने) र निरुपाधिक (पदवी–प्रमाण–रहित, स्वतन्त्र अनुसन्धान) गरी अनुसन्धान कार्य मुख्यतः दुई प्रकारका हुन्छन्।

### (क) सोपाधिक अनुसन्धान

स्नातकोत्तर (आचार्य) तह उत्तीर्ण, दर्शनाचार्य, विद्यावारिधि, विद्यावाचस्पति जस्ता कुनै शैक्षिक उपाधि प्राप्तिका लागि गरिने अनुसन्धानलाई सोपाधिक अनुसन्धान भनिन्छ। यसमा अनुसन्धानको उद्देश्य विद्यागत दक्षता आर्जन गर्नु र अन्ततः शैक्षिक उपाधि प्राप्त गर्नु हुन्छ। यसप्रकारका अनुसन्धानहरू प्रायः संस्थागत रूपमा सञ्चालित हुन्छन् र सम्बद्ध संस्थाले तय गरेको प्रक्रिया, निर्णय र पद्धतिका आधारमा यस कार्यको गतिविधि निर्धारण हुन्छ। त्यसैले यहाँ सामूहिक सहभागिता, कार्य–प्रणाली, निर्देश, समयसीमा आदि पद्धतिबद्ध रूपमा विभिन्न चरणहरू तय गरिएका हुन्छन्। सोपाधिक अनुसन्धान सामान्यतया व्यक्तिगत आवश्यकताको पूर्ति (जस्तै रोजगारी, पदोन्नति), स्तर–

[13] रुधादि, उभयपदी सकर्मक, अनिट्, वैयाकरणसिद्धान्तकौमुदी, धातु क्रमसङ्ख्या १४४४।

वृद्धि, कार्यालयीय प्रयोजन आदिका लागि गरिन्छ र यसमा औपचारिकता उच्च हुन्छ। शोधप्रस्तावमा प्रयोजन स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ। पूर्वाचार्यहरूले पनि यो कुरा स्पष्ट पारेका छन्:

**सिद्धार्थं ज्ञातसम्बन्धं श्रोतुं श्रोता प्रवर्तते।**
**शास्त्रादौ तेन वक्तव्यः सम्बन्धः सप्रयोजनः।**[14]

अर्थात्, जब कुनै श्रोता विशेष प्रयोजनसहित सम्बन्ध बुझेपछि कुनै कुरा सुन्न तयार हुन्छ, त्यसैले कुनै शास्त्र वा अनुसन्धानको प्रारम्भमै त्यसको प्रयोजन र सन्दर्भ स्पष्ट गर्नुपर्छ। परियोजनाका लागि गरिने अनुसन्धानमा "...... परियोजनाको आवश्यकता पूर्तिका लागि" भनेर उल्लेख गर्नुपर्छ। विद्यावारिधिका लागि हुने अनुसन्धानमा ".... विषयमा विद्यावारिधि उपाधि प्राप्तिका लागि" भनेर उल्लेख गर्नु आवश्यक हुन्छ।

### (ख) निरुपाधिक अनुसन्धान

निरुपाधिक अनुसन्धान कुनै उपाधिको लागि नभई, प्राज्ञिक जिज्ञासा पूर्ति, समाजको हित गर्ने उद्देश्य वा कुनै समस्याको समाधान खोज्ने हेतुले अनुसन्धान गरिन्छ। यद्यपि, यस प्रकारका अनुसन्धान पनि कतिपय अवस्थामा संस्थाद्वारा सञ्चालित हुन्छन्। यहाँ वैयक्तिक प्रेरणा वा स्वेच्छाले गरिने अनुसन्धानको स्वरूप मुख्य हुन्छ। प्रयोजन विचारको आवश्यकता सोपाधिक वा निरुपाधिक जुनसुकै अनुसन्धान होस्, कुनै न कुनै प्रयोजन पूर्ति नै अनुसन्धानको लक्ष्य हुनुपर्छ। निरुपाधिक अनुसन्धानमा, अनुसन्धान स्वतन्त्र रूपमा वा कुनै संस्थाबाट प्रेरित भई वा कुनै परियोजनाको अंशका रूपमा गरिन्छ। त्यसैले, अनुसन्धानको विषय, शीर्षक र प्रयोजन स्पष्ट रूपमा पहिचान गरी, अनुसन्धानकर्ताको योग्यता वा उपयुक्तता पनि परीक्षणीय हुन्छ।

## शोधसमस्याको प्रस्तुति

नेपाली भाषाका शब्दकोशहरूमा समस्या शब्दलाई समाधान गर्नुपर्ने विषय, जटिल अवस्था, ग्रन्थि समाधानका लागि प्रस्तुत विषय, कुनै अवरोध आदि भनेर अर्थ्याइएको पाइन्छ।[15] यी सबै अर्थहरूले गर्दा समस्या शब्दले सङ्क्षेपमा प्रस्तुत गरिएको जटिल अवस्था बुझाउँछ भन्ने अर्थमा यसको प्रयोग फैलिएको पाइन्छ।

अनुसन्धानको सन्दर्भमा गम्भीर प्रयासपछि मात्र समाधान हुने जटिल अवस्था जनाउन, कुनै विषयको सत्य जानकारी अभावले उत्पन्न संशय दर्शाउन वा ज्ञानको अभावका कारण उत्पन्न अज्ञानताको अवस्था जनाउन समस्या शब्दको प्रयोग गरिन्छ। यसकारण अनुसन्धानका विभिन्न पक्षहरू अर्थात् विगतमा अध्ययन भएको भए पनि पुनः

[14] s'dfl/ne§M, **Znf]sjflt{sd** sfl/sf–!७।

[15] प्रज्ञा नेपाली बृहत् शब्दकोश, मोवाइल एप।

सत्यापन गर्नुपर्ने आवश्यकता, कुनै विषयलाई सम्पूर्ण रूपमा बुझ्न, प्रकाशित, अप्रकाशित वा पाण्डुलिपि रूपमा रहेका ग्रन्थहरू सम्पादन गर्न वा विषय–विश्लेषण गर्न यस्ता विभिन्न अनुसन्धानका क्षेत्रहरूमा समस्या भन्ने शब्दको प्रयोग गरिन्छ। ज्ञानको अभावका कारण उत्पन्न जटिल अवस्थालाई समस्या भनिन्छ भन्ने अर्थलाई अनुसरण गर्दै, शोधकार्य वा अनुसन्धान कार्यमा 'शोधसमस्या' वा 'अनुसन्धानसमस्या' भन्ने नाम दिइन्छ र शोधप्रस्ताव तयार गर्दा विशेषगरी प्रस्तुत गर्नुपर्ने अङ्ग बनाइन्छ।

## समस्याकथनको उद्देश्य

अनुसन्धान हुन नसकेको कारण कुनै विषय व्यवहारमा कठिन भएको अनुभव गरिएको छ भने पहिलो चरणमा त्यस विषयको परिचय दिनु, त्यसपछि शोध–शीर्षकअनुसार समस्या प्रस्तुत गर्नु आवश्यक हुन्छ। अनुसन्धानको आवश्यकता प्रमाणित गर्न, अनुसन्धान अभावका कारण उत्पन्न भएको कठिन अवस्थालाई देखाउन प्रश्नात्मक वाक्यमार्फत वा अन्य शैलीमा प्रस्तुत गर्ने प्रक्रिया नै समस्याकथन हो। ज्ञानको अभाव पूर्ति गर्ने उद्देश्यले उचित रूपमा समाधान खोज्नुपर्ने विषय नै समस्या हो। समस्याकथन गर्दा शोधार्थीले कार्य र कारणलाई सँगै जोडेर, घोषणात्मक रूपमा, प्रश्नात्मक रूपमा वा अन्य विशिष्ट शैलीमा पनि प्रस्तुत गर्न सक्दछन्।

शोधसमस्या जसरी लेखिए पनि, शोधको विषयसँग सम्बन्धित पक्षको विशेष प्रकाश गर्ने गरी समस्या केन्द्रित रूपमा प्रस्तुत गर्नुपर्छ। अनुसन्धान शीर्षकसँग सम्बद्ध मुख्य समस्याहरू प्रश्नहरूका रूपमा, यहाँ यस्ता समस्याहरू छन् भनेर सूचीका रूपमा, अनुच्छेदमा वा बुँदागत रूपमा जुनसुकै तरिकाले प्रस्तुत गर्न सकिन्छ। यस्ता समस्याहरूको समाधान हुने अपेक्षाकै कारण, त्यही शीर्षकमा अनुसन्धान गरिनुपर्छ भन्ने तर्क र कारण पनि स्पष्टरूपमा उल्लेख गरिनुपर्छ। समस्या कथनले अनुसन्धानको आवश्यकता सिद्ध गर्छ। यो उद्देश्य–केन्द्रित र सम्भावित निष्कर्ष उन्मुख हुनुपर्छ। त्यसैले, शोधकार्यको प्राथमिक चरणमै समस्याको पहिचान अनिवार्य मानिन्छ।

## उद्देश्य निर्धारण

उद्देश्य भनेको अनुसन्धानको समस्या सम्बन्धी भविष्यमा प्राप्त हुने निष्कर्ष वा परिणाम देखाउने कुरा हो। समस्या कथनको क्रममा प्रस्तुत प्रश्नहरू, घोषणाहरू वा समाधान खोज्ने प्रयासपछि आउने कुरालाई नै उद्देश्यले सङ्केत गर्नुपर्छ। प्रस्तुत प्रश्नहरूको उत्तर कसरी खोज्ने हो, त्यो उद्देश्यमा केन्द्रित भएर प्रष्ट हुनुपर्छ। अनुसन्धानकर्ताले अनुसन्धानमा के के खोज्ने छ, के के गर्ने छ भन्ने कुरा सरल, सङ्क्षिप्त र बुँदागत रूपमा स्पष्ट रूपमा व्यक्त गर्नुपर्छ। उद्देश्य निर्धारण गर्दा समस्या कथन र उद्देश्य कथनबिचको गाढा सम्बन्धलाई बिर्सनु हुँदैन। समस्याकै उत्तरका रूपमा उद्देश्यलाई प्रस्तुत गर्नुपर्छ, अन्यथा अनुसन्धान प्रक्रिया भ्रमित हुनसक्छ।

## पूर्वकार्यसमीक्षा

अनुसन्धानको लागि प्रस्तावित शीर्षक र सम्बन्धित विषयक्षेत्रको गहिरो विश्लेषण गर्नुलाई पूर्वकार्यसमीक्षा भनिन्छ। यसको अर्थ, सम्बद्ध विषयमा पहिले के के अनुसन्धान भइसकेको छ भनेर खोजी एवं अध्ययन गर्नु हो। पूर्वकार्यसमीक्षाका लागि सम्बन्धित साहित्य, जस्तै पुस्तकहरू, पत्रिका, शोधपत्रहरू आदिको अध्ययन आवश्यक हुन्छ। प्रथमतः पूर्ववर्ती अध्येताहरूबाट यसै विषयमा के कस्तो अनुसन्धान भइसकेको छ भनेर जान्नुपर्ने हुन्छ। विद्वान्हरूबाट आफ्नो अनुसन्धानको शीर्षकसम्बद्ध कुनै पुस्तक, लेख, समीक्षा, विचार, अवधारणा, विश्लेषण वा अनुसन्धान सम्पन्न वा प्रकाशन भएका छन् भने तिनको समेत सम्यक् अध्ययन गर्नुपर्छ। कुनै पनि संस्थाले वा व्यक्तिले यस सम्बन्धमा गरिएका अनुसन्धानहरूको गम्भीर अध्ययन गरेर समीक्षा गर्न आवश्यक हुन्छ। यसले नयाँ प्रस्तावित अनुसन्धानमा पुराना अध्ययनहरूको उपयोगिता र कमीकमजोरीहरू के छन् भन्ने कुरा स्पष्ट गर्छ।

पूर्वकार्यसमीक्षामा, यस विषयमा भएका पुराना अनुसन्धानहरूलाई कालक्रम अनुसार व्यवस्थित रूपमा समीक्षा गरेर प्रस्तुत गरिन्छ। पुराना अनुसन्धानकर्ताहरूका विचार र तर्कहरूलाई निष्पक्ष रूपमा विश्लेषण गरी, तिनीहरूको बलियो र कमजोर पक्षलाई देखाउने गरिन्छ। यसको अन्त्यमा, पुराना अनुसन्धानमा भएका कमीकमजोरीहरू र नयाँ अनुसन्धानको आवश्यकताका बारेमा पनि प्रकाश पारिन्छ। पूर्वकार्यसमीक्षा गर्दा मुख्य उद्देश्य पुराना अनुसन्धानका कमजोरीहरू देखाउनु मात्र होइन, नयाँ अनुसन्धानको आवश्यकता र त्यसको महत्त्वलाई स्पष्ट पार्नु हो। यसले नयाँ अनुसन्धानलाई दिशा दिन्छ र अनुसन्धानकर्ता नयाँ तथ्य र विषयमा केन्द्रित हुन सहज हुन्छ। शोधप्रस्ताव र अनुसन्धान प्रबन्धलेखमा पूर्वकार्यसमीक्षाको समावेश अनिवार्य हुन्छ।

पूर्वकार्यको समीक्षाले अनुसन्धानलाई उचित दिशा दिन महत्त्वपूर्ण भूमिका खेल्दछ। यसबाट अनुसन्धानको समस्या र उद्देश्यको स्पष्ट पहिचान गर्न वा संशोधन गर्न सहयोग पुग्दछ। अनुसन्धानको क्षेत्र निर्धारण गर्दै त्यसको सैद्धान्तिक अवधारणा, ढाँचा र विधिबारे स्पष्टता ल्याउँन पनि पूर्वकार्यसमीक्षाको भूमिका हुन्छ। यसले अघिल्ला कार्यहरूको जानकारी दिई अनुसन्धानको पुनरावृत्तिबाट जोगाउँछ। पूर्वसमीक्षाले अनुसन्धानका लागि आवश्यक ज्ञानको दायरा विस्तार गर्नुका साथै अनुसन्धानगत रिक्तता पहिचान गर्न सहयोग पुऱ्याउँछ र अनुसन्धानको औचित्य प्रमाणित गर्दै प्राक्कल्पना निर्माण र तथ्य विश्लेषणका क्रममा तथ्य पुष्टि गर्न समेत यसले मद्दत गर्दछ। त्यसैले, अनुसन्धान प्रारम्भ गर्नु पूर्व पूर्वकार्यको समीक्षा अपरिहार्य हुन्छ। अन्यथा पूर्वकार्यसमीक्षाबिना अनुसन्धानले पुराना अध्ययनहरूको जानकारी नपाई आधा वा अधुरा परिणाम दिने जोखिम हुनसक्छ।

## शोधान्तराल प्रदर्शन

आफ्नो विषयसँग सम्बन्धित साहित्यको अध्ययन र पूर्वकार्यसमीक्षापश्चात् शोधान्तरालको ज्ञान हुनु अत्यन्त आवश्यक हुन्छ। आफ्नो विषयसँग सम्बन्धित क्षेत्रमा पूर्व प्रकाशित ग्रन्थ, पुस्तक वा सम्पन्न भएका अन्य

अनुसन्धानहरूमा के-कसरी कमी, अधुरोपन वा खाली ठाउँहरू छन् भनेर पत्ता लगाउनुलाई शोधान्तराल भनिन्छ। शोधान्तरालबाट त्यहाँ विद्यमान कमी वा रिक्तताहरू पत्ता लगाएर नयाँ अनुसन्धानको सम्भावना र आवश्यकता पहिचान गरिन्छ। यदि कुनै विषयमा पहिले गरिएको काम अपूरो वा कमजोर छ भने त्यही स्थानमा नयाँ अनुसन्धान गरेर थप जानकारी, समाधान वा सुधार ल्याउन सकिन्छ। अगाडि सम्पन्न भइसकेका अनुसन्धानले पूरा गर्न नसकेका कार्यहरूको खोजी गरी भएका अनुसन्धान र हुन बाँकी अनुसन्धानको बिचमा कहीँ कतै आफूले अनुसन्धान गर्न खोजेको विषयका लागि अवकास छ, छैन भन्ने जान्नका लागि गरिने अध्ययन शोधान्तरालका लागि उपयोगी हुन्छ। यसरी, शोधान्तरालको पहिचानले प्रस्तावित अनुसन्धानको औचित्य र महत्त्व स्पष्ट गर्छ साथै आफ्नो अनुसन्धानलाई उचित मार्गदर्शन पनि दिन्छ। शोधप्रस्ताव तयार गर्दा शोधान्तराललाई कसरी लेख्ने भन्ने बारेमा स्पष्ट ज्ञान आवश्यक हुन्छ।

## प्राक्कल्पना

प्रस्तावित अनुसन्धानले मुख्य समस्या समाधान गर्ने क्रममा के नतिजा आउनेछ भनेर शोधकर्ताले गर्ने पूर्वानुमानलाई प्राक्कल्पना भनिन्छ। प्राक्कल्पना भन्नाले अनुसन्धानको सन्दर्भमा पहिले बनाएको योजना, अनुमान वा सोचाइलाई बुझिन्छ। यसका लागि प्रकल्पना, परिकल्पना, पूर्वकल्पना, पूर्वानुमानजस्ता शब्दहरू समान अर्थमा प्रयोग हुन्छन्। शोधप्रस्ताव तयार गर्दा, अनुभव र ज्ञानबाट मुख्य समस्याका सम्भावित समाधानका विभिन्न विकल्पहरू देखा पर्छन्। ती विकल्पहरूलाई तुलना गरेर, गहिरो समीक्षा गरेर र परीक्षण गरेर एउटा समाधानको अनुमान लगाइन्छ भने त्यही प्राक्कल्पना हो। तर, अनुसन्धानका क्रममा प्राक्कल्पना पूर्णरूपमा सही नहुनसक्छ। अनुसन्धानबाट नयाँ तथ्यहरू प्राप्त भएपछि यो प्राक्कल्पनामा परिवर्तन पनि हुनसक्छ। प्राक्कल्पना बनाउँदा शोधकर्ताले भविष्यमा हुने घटनालाई अनुमान गरेर योजना बनाउँछन्, जसले अनुसन्धानको मूल्याङ्कन गर्न सजिलो हुन्छ। प्राक्कल्पना लेख्दा प्रायः कुनै विषयवस्तु वा शीर्षकको आधारमा यसलाई लेखिन्छ। सामान्यतया प्राक्कल्पना लेख्नाले शोधकर्तालाई अनुसन्धानको मार्गचित्र बनाउन सहज हुन्छ।

## शोधविधि

शोधकार्यलाई सुव्यवस्थित रूपमा सम्पन्न गरेर स्पष्ट नतिजा प्रकाशनका लागि एउटा निश्चित विधि अपनाउनु पर्छ भन्ने विषयमा शोधकर्ता सचेत हुनै पर्छ। अनुसन्धान गर्दा के गर्ने, कसरी गर्ने, कुन विधि, सामग्री र उपकरणको प्रयोग गर्ने भन्ने सम्पूर्ण योजना शोधविधिमा उल्लेख गरिन्छ। रहस विहारी द्विवेदीले संस्कृत वाङ्मयसम्बद्ध शोधविधिका सन्दर्भमा विधिशब्दलाई विशेष रूपमा उल्लेख गरेका छन्।[16] सामान्यतः संस्कृतवाङ्मयका विषयगत

[16] शोधप्रबन्धविन्यासप्रक्रिया प्रविधिर्मतः। जगत्सृष्टिकरो ब्रह्मा विधाता विधिरुच्यते।

विधाको अनुसन्धानका लागि मधुकरपद्धति, उपज्ञापद्धति, प्रतिभापद्धति, कार्यकारणविधि, अन्वयव्यतिरेकविधि जस्ता विधिहरू उपयुक्त हुने कुरा कतिपय आचार्यहरूले उल्लेख गरेका पाइन्छन्।[17] संस्कृत वाङ्मयमाका ग्रन्थ तथा शास्त्रहरूको अध्ययनबाट अनुसन्धान विधिका विषयमा केही निर्देशहरू प्राप्त हुन्छन्। टीका, निरुक्त, भाष्य, व्याख्या, वृत्ति, वार्तिक, पञ्जिका, चूर्णि, अवचूर्णि, निर्युक्ति, विवरण, विवृति, दीपिका, टिप्पणी (टिप्पण), तिलक, फक्किका, समीक्षा, आलोचना, समालोचना आदि शब्दहरू[18] साररूपमा शोधविधिको अर्थ बुझाउन तथा विधिनिर्देश गर्न पूर्ववर्ती आचार्यहरूले अनुसन्धानका क्रममा प्रयोग गरिएका पाइन्छन्। यी शब्दहरूले कुनै विषयको गूढ अर्थ बुझ्न, व्याख्या गर्न, संशोधन गर्न र आलोचनात्मक दृष्टिकोण प्रस्तुत गर्न सहयोग पुऱ्याउँछन्। शोधकार्यमा सन्दर्भाङ्कन महत्त्वपूर्ण पक्ष हो। संस्कृत वाङ्मयसम्बद्ध अनुसन्धानमा पादटिप्पणी विधिलाई अनिवार्य रूपमा उपयोग गर्नुपर्छ।[19]

वर्तमानमा शोधविधिका दुई प्रकार बढी प्रचलित छन्:

१. गुणात्मक विधि (**Qualitative Method)**

- गुणात्मक विधिमा विषयसँग सम्बन्धित गुणहरूको विश्लेषण, विवेचना र समीक्षा गरिन्छ।

२. परिमाणात्मक विधि (**Quantitative Method)**

- परिमाणात्मक विधिमा तथ्याङ्क र सङ्ख्यात्मक डेटा प्रयोग गरी विषयको विश्लेषण गरिन्छ।

सामग्री सङ्ग्रहण वा सङ्कलन विधि, विषय विश्लेषण विधि र पाण्डुलिपि सम्पादन विधि गरी मुख्य रूपमा शोधविधिको तीन भाग हुन्छन्। यहाँ यिनलाई सङ्क्षेपमा चर्चा गरिन्छ।

### (क) सामग्री सङ्ग्रहण वा सङ्कलन विधि

कुनै पनि अनुसन्धानको लागि सम्बन्धित विषयसँग सम्बद्ध सामग्रीको अत्यावश्यकता हुन्छ। शोधप्रस्ताव तयार गर्ने क्रममा र अनुसन्धान सम्पन्न गर्दा आवश्यक सामग्री कसरी सङ्कलन गर्ने, ती सामग्रीहरू कहाँबाट प्राप्त गर्न

---

सर्जनप्रक्रियार्थेऽतः प्रपूर्वो विधिरुच्यते। नियतेर्नियमाः सृष्टावपेक्ष्यन्ते विधेः कृतौ॥
तद्राहित्यं हि काव्यादौ मन्यन्ते मम्मटादयः। लोकशास्त्रे समाश्रित्य साहित्यं सृज्यते बुधैः॥
रहसविहारीद्विवेदि, साहित्यानुसन्धानावबोधप्रविधिः, पृ. १८–१९, श्लो १–३।

[17] अनुसन्धानप्रकाशः, हरिप्रसादशर्मा–आचार्यः, स्थानेश्वर–गौतमः, त्रिवि–केन्द्रीय–संस्कृत–विद्यापीठम्, दाङ, २०४२ वै., २६ पृ.।

[18] प्रकाशतिवारी, अनुसन्धानपद्धतिः, पृ. १७–२२।

[19] शोधप्रबन्ध पढिरहेकै अवस्थामा मूलपाठ वा पादटिप्पणीमा समावेश गरिएको सम्बद्ध आधिकारिक साक्ष्यको प्रत्यक्षतामा शोधप्रबन्धमा शोधकर्ताले प्रस्तुत गरेको कुनै पनि तथ्य प्रामाणिक हो वा होइन भन्ने कुराको सत्यापन गर्ने परम्परित प्रणाली नै सर्वथा उपयुक्त भएको हुँदा संस्कृतवाङ्मयका विविध विधाको शास्त्रीय अनुसन्धानमा मूलपाठमा यथावत् उद्धरण दिएर पादटिप्पणीमा ग्रन्थको साक्ष्य राख्ने वा मूलपाठमा सार दिएर पादटिप्पणीमा उद्धरणीय अंश जस्ताको त्यस्तै राख्ने पद्धतिलाई नै अपनाउने गरी नेपाल संस्कृत विश्वविद्यालयले अनुसन्धानको शैली निर्धारित गर्नु सर्वथा उपयुक्त देखिन्छ।

प्रा.डा. जीवन अधिकारी, संस्कृत शास्त्रीय अनुसन्धानमा सन्दर्भाङ्कन, (अप्रकाशित कार्यपत्र), अनुसन्धान प्रविधि तालिम, पिण्डेश्वर विद्यापीठ, धरान, मिति २०८२।०१।२६, पृ. ९।

सकिन्छ भन्ने विषयमा स्पष्ट व्याख्या हुनु जरुरी छ। सामान्यतया सामग्री सङ्कलनका लागि पुस्तकालयको विधि धेरै प्रयोग गरिन्छ। धेरैजसो अनुसन्धानहरूको प्राथमिक सामग्री सङ्कलनको उपायको रूपमा पुस्तकालयीय विधिलाई उपयुक्त र प्रभावकारी मानिन्छ। यदि अनुसन्धान प्राविधिक विषयमा आधारित छ भने प्रयोगशालाहरूमा विभिन्न उपकरणहरूको संयोजन गरेर रासायनिक परीक्षण गरी तथ्याङ्क सङ्कलन गरिन्छ, जसलाई प्रयोगशालाको विधि भनिन्छ र यो विधि पनि अत्यन्त उपयोगी हुन्छ। शोधशीर्षकअनुसार प्रश्नावली तयार गरी त्यसका उत्तरहरू सम्बन्धित विज्ञहरूबाट संकलन गरेर पनि आफ्नो अनुसन्धानका लागि सामग्री सङ्कलन गर्न सकिन्छ।

त्यस्तैगरी विभिन्न विज्ञहरूसँग परामर्श गरेर, मतसर्वेक्षण गरेर वा ध्वनि सङ्कलन गर्ने उपकरणहरूको माध्यमबाट प्रत्यक्ष वार्तालाई अभिलेख गरी आवश्यक सामग्री सङ्कलन गर्न सकिन्छ। अनि अनुसन्धानको प्रकृतिअनुसार स्थानीय सर्वेक्षण गर्नु पनि आवश्यक हुनसक्छ। अघिल्ला अनुसन्धानकर्ताहरूले सङ्कलन गरेका सामग्रीहरूको स्रोत उल्लेख गरी तिनको उपयोग गर्न सकिन्छ। अहिले इन्टरनेट, सामाजिक सञ्जाल जस्ता माध्यमबाट पनि अनुसन्धान सामग्री सङ्कलन गर्नु सजिलो भएको छ। यी सबै विधिहरू मध्ये कुन विधि प्रयोग गरी आफ्ना अनुसन्धानसँग सम्बद्ध सामग्री सङ्कलन गर्ने हो भन्ने कुरा यहाँ स्पष्ट रूपमा उल्लेख गर्न आवश्यक हुन्छ। सङ्कलित सामग्रीहरू पूर्ण स्रोतसहित हुनु आवश्यक छ। त्यस्ता सामग्रीहरू विषय अनुसार वर्गीकृत गरी अलग–अलग फाइलमा राखेर सुरक्षित गर्नुपर्छ।

**(ख) विषय विश्लेषण विधि**

सामग्री सङ्कलनपछि उपयुक्त सैद्धान्तिक पक्षको प्रयोग गरी विभिन्न सामग्री परीक्षण विधि र विश्लेषण प्रणालीहरू अवलम्बन गरेर सङ्कलित सामग्रीहरूको वर्गीकरण, व्याख्या, विश्लेषण र सत्यापन गरिन्छ। विश्लेषण र विवेचनाको क्रममा कुन सिद्धान्त वा वादको प्रयोग आफ्नो अनुसन्धानमा सम्भव छ, कुन प्रक्रिया वा प्रणालीले शोधकार्य पूरा गरिनेछ भन्ने कुरा शोधप्रस्तावमा स्पष्ट गरिनु आवश्यक हुन्छ। यहाँ प्रचलित वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक, प्रयोगात्मक, ऐतिहासिक आदि विधिहरू मध्ये कुन विधि वा विधिहरूको प्रयोग आफ्नो शोधकार्यमा हुन्छ भन्ने कुरा व्याख्या गरिनुपर्छ। सामान्यतया वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक पद्धतिहरूको प्रयोग धेरै अनुसन्धानकर्ताहरूले गर्दछन्। संस्कृत साहित्यमा कतिपय विद्वान्हरूले कल्पना, उपज्ञा, प्रतिभा आदिको माध्यमबाट अनुसन्धान गरेको मधुकर उपज्ञाप्रतिभा पद्धतिहरूको उल्लेख पाइन्छ। त्यस्तै निगमन र आगमन दुई पद्धतिहरू प्रयोग गरेर अनुसन्धान गर्नुपर्छ भन्ने विद्वानहरूले प्रायः बताउँछन्। कुनै विषयको पूर्वनिर्धारित सिद्धान्तलाई आधार मानेर त्यस विषयसँग सम्बन्धित तथ्यहरूको विश्लेषण गर्ने पद्धतिलाई निगमन पद्धति भनिन्छ। वास्तविक तथ्यहरूको आधारमा सिद्धान्त निर्माण गर्ने पद्धतिलाई आगमन पद्धति भनिन्छ।

शोधप्रस्तावमा विषय विश्लेषणका लागि यी दुई विधिहरूमध्ये कुन विधिको प्रयोग गर्ने हो र त्यसअनुसार अनुसन्धान गर्ने कुरा स्पष्ट हुनुपर्छ। विषय विश्लेषणको सन्दर्भमा अनुसरणीय विधि तयार पार्न आवश्यक हुन्छ जसले

बहुविषयगत पौराणिक संस्कृत साहित्यका विभिन्न शाखाहरूमा विद्यमान विषयविश्लेषण शृङ्खलाहरूलाई सम्यक् रूपमा अध्ययन गरी निर्माण गरिएको हो।

**(ग) पाण्डुलिपि सम्पादन विधि**

पाण्डुलिपि भन्ने शब्दको अर्थमा पाण्डुलेख, हस्तलिखित पुस्तक, लिखित ग्रन्थ, मातृका, हस्तलेख जस्ता शब्दहरू पनि प्रयोग गरिन्छ। प्राचीनकालमा लिपिको विकाससँगै धुलोमा दाउराले कोरेर, खरी वा खैरो माटाले[20] लेखेर, ढुङ्गा वा काठमा खोपेर अक्षरहरूलाई लेखिन्थ्यो। क्रमशः समयको क्रमसँगै भुर्जपत्र, वंशवल्कलपत्र (बाँसको सुप्लो), शिलापत्र, ताम्रपत्र, स्वर्णपत्र आदिमा अक्षराङ्कन गर्ने पद्धतिको विकास भएको पाइन्छ। हस्तलिखित ग्रन्थहरूलाई पाण्डुलिपि र संशोधनको अपेक्षा राखेर लेखिने लेखनलाई पाण्डुलेख भनिन्छ। पाण्डुलेखहरूमा ग्रन्थका पृष्ठहरू आपसमा नजोडिएका, अलग अलग पृष्ठ सङ्ख्याहरू लेखिएका वा जोडेर एकत्रित गरिएका हुन्छन्। त्यहाँ ग्रन्थकार, पाण्डुलेखक, पृष्ठ सङ्ख्या, लेखिएको वर्ष, संरक्षक (व्यक्ति वा संस्था), ग्रन्थको विषय, टीका वा टिप्पणी आदिको विवरण ग्रन्थको सुरुमै दिइएको देखिन्छ। नेपाल राष्ट्रिय अभिलेखालय र अन्य केही संस्थाहरूले सूक्ष्मचित्र (माइक्रोफिल्म) निर्माण गरेर पनि पाण्डुलिपिहरूको संरक्षण गरेको पाइन्छ। त्यसैगरी, प्रत्येक पाण्डुलिपिको परिचयात्मक पृष्ठमा सूक्ष्मचित्रको क्रम सङ्ख्या समेत अङ्कित हुन्छ। यी सबै जानकारीलाई हेरेर प्राप्त पाण्डुलिपिको सम्पूर्ण विवरणको आधारमा त्यस पाण्डुलिपिको विश्लेषण, समीक्षा र विषय विवेचना गरी गरिने कार्य नै पाण्डुलिपि सम्पादन प्रक्रिया भनिन्छ। पाण्डुलिपि सम्पादन प्रक्रिया विस्तृत, बहुविषयक, र विशेष सावधानी आवश्यक हुने काम हो। त्यसैले यस सम्बन्धमा अध्यापन तथा प्रशिक्षण विशेष रूपमा दिइन्छ।

## शोधको औचित्य, महत्त्व र उपयोगिता प्रकाशन

जुन उपयोगी छ त्यसैको महत्त्व हुन्छ। महत्त्वपूर्णको खोजी औचित्यपूर्ण बन्दछ। औचित्य भएकै आधारमा समाजले त्यसलाई रूचाउँदछ र स्वीकार्दछ। त्यसकारण अनुसन्धान कार्यमा केवल शोधकर्ताको मात्र नभई, त्यस सम्बन्धित अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने संस्था वा सम्बद्ध कर्मचारी, शोधनिर्देशक, विशेषज्ञ, विषयविज्ञ वा अन्य समूहहरूको पनि धेरै पूँजी, श्रम, समय र स्रोत खर्च भएको हुन्छ। त्यसैले, त्यस्तो अनुसन्धानमा गरिएका लगानी र कार्यहरूले के-कस्ता लाभ, योगदान वा उपलब्धि ल्याउँछन्, क-कसले त्यसबाट फाइदा पाउँछन् भन्ने विषयको जिज्ञासा सबै विद्वान्, संस्था, सर्वसाधारण जनता, विषयसम्बद्ध विधा तथा समग्र राज्यमात्र नभएर सिङ्गो विश्वलाई नै हुन्छ। शोधकर्ताले आफ्नो अनुसन्धानलाई सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले प्रस्तावित अनुसन्धान कार्य महत्त्वपूर्ण, उपयुक्त र उपयोगी हुने प्रमाणित गर्नुपर्छ। केही पुराना अनुसन्धानहरूमा नभएको नयाँ तथ्यको प्रकटीकरण वा नयाँ

[20] पाण्डुलेखने फलके भूमौ वा प्रथमं लिखेत्। न्यूनाधिकं तु संशोध्य पश्चात् पत्रे निवेशयेत्॥
एतदनुसारं कस्मिश्चित् फलके काष्ठनिर्मितपट्टिकादौ भूमौ वा पाण्डुसञ्ज्ञकमृत्तिकया स्थूलरूपेण संशोधनापेक्षं यल्लिख्यते तत्पाण्डुलेखशब्देनाऽभिधीयते। पाण्डुलिपिविमर्शः, अशोक–कुमार–कालिया, शोधप्रविधिः पाण्डुलिपिविज्ञानञ्च, संस्कृतविद्यानुसन्धानस्य आधारभूमिः नवसंभावनाञ्च, पृ. १२।

विषय प्रस्तुत गरेर प्रस्तावित अनुसन्धानको महत्त्व र उपयोगिता देखाउन सकिन्छ। पूर्ववर्ती अनुसन्धानहरूमा रहेका सिद्धान्तहरू परीक्षण गरेर, नयाँ समय अनुसार नयाँ सिद्धान्त स्थापना गरी आफ्नो अनुसन्धानको महत्त्व दर्साउन पनि सकिन्छ।

अघिका कार्यहरूमा रहेका समस्याहरू यथावत् रहेको र तिनको समाधान गरेर आफ्नो अनुसन्धानको महत्त्व र उपयोगिता प्रमाणित गर्ने प्रयास गर्नुपर्छ। प्रस्तावित अनुसन्धानको सामाजिक सान्दर्भिकता र आधुनिकता पनि स्पष्ट पार्नु आवश्यक छ। यदि अनुसन्धान ग्रन्थ सम्पादन वा धार्मिक, दार्शनिक, साहित्यिक विषयसँग सम्बन्धित छ भने नयाँ ग्रन्थ उपलब्ध गराएर समाजलाई लाभ हुने देखाइयो भने त्यस अनुसन्धानको महत्त्व अझै बढी प्रमाणित गर्न सकिन्छ। शोधको औचित्य सम्बन्धी प्रकाशन पूर्वका कार्यहरूको वर्णनसहित हुनुपर्छ भन्ने कुरा शोधार्थीले कहिल्यै भुल्नु हुँदैन।

## शोधसीमाङ्कन

शोधमा के कस्ता समस्या र उद्देश्य छन् भनेर विचार गरी, शोधप्रस्तावमा यस अनुसन्धानले के के विषयहरू अनुसन्धान गर्ने र के के विषयहरू नगर्ने भन्ने स्पष्ट रूपमा उल्लेख गर्नुलाई अध्ययन वा अनुसन्धानको सीमाङ्कन भनिन्छ। शोधको शीर्षक सधैं स्पष्ट, सरल, सङ्क्षिप्त एवं अनुसन्धानको महत्त्व र मूल्य स्पष्ट देखाउने प्रकृतिको हुनुपर्छ। यस्तो शीर्षकबाट नै सामान्यतया अनुसन्धानको सीमाना र क्षेत्र पहिचान गर्न सकिन्छ। कहिलेकाहीँ प्रस्तावित शीर्षकमा अनुसन्धान गर्नुपर्ने विषय र क्षेत्रको सीमाना निर्धारण गर्न कठिनाइ हुनसक्छ त्यस अवस्थामा विद्यमान अस्पष्टता हटाउन शोधप्रस्तावमा स्वाध्ययन (पूर्व अध्ययन) का आधारमा कुन क्षेत्र अनुसन्धानको विषय हो र कुन क्षेत्र बाहिर राखिन्छ अर्थात् अनुसन्धानको क्षेत्र होइन भन्ने कुरा स्पष्ट उल्लेख गरिन्छ।

मुख्य कुरा के छ भने, कुन विषय वा क्षेत्रमा अनुसन्धान गरिने र कुनमा नगर्ने भन्ने कुरा स्पष्ट रूपमा सीमाङ्कन गरिनुपर्छ। एकै शीर्षकमा धैरै विषय समेट्नु सजिलो हुँदैन। यदि शोधकर्ताले धैरै विषयहरू एकै ठाउँमा राख्ने प्रयास गर्छ भने विषयहरूको व्यवस्थापनमा समस्या हुन्छ र शोध प्रबन्ध धैरै ठुलो र जटिल बन्नपुग्छ। अनुसन्धानका क्रममा सङ्ग्रहित सामग्रीहरू सबै विषयहरूमा प्राप्त हुँदैनन्। यदि शोधकर्ता सबै सामग्रीहरूलाई एकै ठाउँमा राख्न चाहन्छ भने विषय छनोटमा द्विविधा र भ्रम उत्पन्न हुनसक्छ। यस कठिनाइलाई हटाउनका लागि शोधकर्ताले अनुसन्धानको सीमा र सीमाना निर्धारण गर्नु अत्यन्त आवश्यक हुन्छ।

अध्ययनको सीमाङ्कनमा कुन कुन पक्षहरू समावेश छन्, कुन पक्षहरू अनावश्यक छन्, किन केही पक्षहरू समावेश नगर्ने र के कारणले ती विषयहरू त्यहाँ नल्याउने भनेर स्पष्ट रूपमा व्याख्या गर्नुपर्छ। त्यसपछि प्रत्येक समावेश गरिएको विषयको महत्त्व मूल्याङ्कन गरी निर्णय गर्नुपर्छ कि कुन विषयलाई राख्ने र कुनलाई नराख्ने। शोधकार्यमा समावेश गरिने विषयहरू र नगरिने विषयहरूलाई स्पष्ट रूपमा उल्लेख गर्नका लागि अध्ययनको सीमा र क्षेत्र निर्धारण गरिन्छ।

## शोध प्रबन्धको प्रारूप

अनुसन्धानकार्य पूरा गरी, स्वअनुसन्धानमा सङ्कलित तथ्य र निष्कर्षहरूलाई सुसम्बद्ध गरेर शोधप्रबन्ध तयार गरिन्छ। त्यसपछि सम्बन्धित संस्था वा विभागमा उक्त शोधप्रबन्ध प्रस्तुत गरिन्छ, जहाँ यसको मूल्याङ्कन हुन्छ। मूल्याङ्कनको उद्देश्य भनेको सो अनुसन्धान समाजका लागि कति उपयोगी छ भनेर जाँच गर्नु हो। त्यसकारण, शोधप्रबन्धको संरचना वा सङ्घटन सुव्यवस्थित र स्पष्ट हुनु आवश्यक हुन्छ। धेरैजसो मानिसहरूले परिच्छेद वा अध्याय जस्ता विभागहरू सुचारु र स्पष्ट रूपमा नभएको शोधप्रबन्ध हेर्दा त्यसको महत्त्व बुझ्न सक्दैनन्। यदि शोधप्रबन्ध राम्रो तरिकाले संरचित गरिएको छैन भने, त्यो महत्त्वपूर्ण अनुसन्धान भएर पनि उचित समीक्षा र मान्यता नपाउन सक्छ।

यसमा खण्ड, परिच्छेद, अध्याय, शीर्षक, उपशीर्षकहरू कसरी राख्ने भन्ने दक्षता आवश्यक पर्छ। शोधप्रस्तावमा यसै विषयमा अनुमान प्रस्तुत गरिन्छ। कति खण्ड, कति परिच्छेद, कति अध्यायहरू हुनेछन्, शीर्षक र उपशीर्षकहरू कसरी राखिनेछन् भन्ने प्रारूप शोधप्रबन्धको प्रारम्भिक स्वरूप तयार गरी प्रस्तुत गरिन्छ। सामान्यतया, शोधप्रबन्धमा खण्ड, परिच्छेद, अध्याय आदिको सङ्ख्या निर्धारण गरी शीर्षक र उपशीर्षकहरूको सूची बनाइन्छ। यदि आवश्यक परे उपशीर्षकहरू समेत पूर्व योजना अनुसार राख्न सकिन्छ। तर, शोधप्रस्तावमा प्रस्तुत स्वरूप अन्तिम होइन, अनुसन्धानको क्रममा आवश्यक परिमार्जन, संशोधन, थपघट गर्न सकिन्छ। शोधप्रबन्ध स्वरूपले अनुसन्धानलाई सुव्यवस्थित र उचित ढङ्गले सम्पादन गर्न मार्गदर्शन गर्छ। पहिले शोधप्रबन्धमा भूमिकाभाग (प्रस्तावना) वा मूलखण्डलाई अलग खण्ड बनाउने प्रचलन थियो। तर हालको आधुनिक शोध विधिमा परिच्छेद र अध्यायहरूमा विभाजन गरी शोधप्रस्तावलाई पनि शोधप्रबन्धकै अङ्गकै रूपमा मानिन्छ। शोधप्रबन्धको स्वरूप विषय र अनुसन्धानको प्रकृतिअनुसार फरक-फरक हुनसक्छ।

## शोधकार्यको योजना र समयावधि

शोधकार्यको योजना बनाउँदा अनुसन्धानको प्रारम्भदेखि सम्पन्नता सम्मको समय अवधिको पूर्वानुमान गर्न सकिन्छ। यसरी योजना बनाएर, अनुसन्धान कार्यलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न समय व्यवस्थापन गरिन्छ, जसले समयमै काम पूरा गर्न सहयोग गर्छ। यसमा आर्थिक खर्चको अनुमान पनि आवश्यक भएमा प्रस्तुत गर्न सकिन्छ। आवश्यक भए खर्चको अनुमानसहित समय तालिका (सारिणी) पनि प्रस्तावमा राख्न सकिन्छ। शोधप्रस्ताव स्वीकृत भएपछि, कुल अनुसन्धान कार्य पूरा गर्न निम्नानुसार समय व्यवस्थापन गर्न सकिन्छ:

- अनुसन्धान सामग्री सङ्कलन — कुल समयको २५ प्रतिशत समय,
- सङ्कलित सामग्रीको परीक्षण, विश्लेषण र संयोजन — कुल समयको २५% प्रतिशत समय,

- अनुसन्धान प्रतिवेदन लेखन — कुल समयको ४० प्रतिशत समय,
- प्रतिवेदन टङ्कन, परिशोधन, सुधार र अन्तिम प्रबन्ध निर्माण — कुल समयको १० प्रतिशत समय,

## सन्दर्भसूची निर्माण

शोधप्रस्ताव तयार पार्दा वा अनुसन्धान लेखन गर्दा प्रयोग भएका ग्रन्थ, अनुसन्धानमूलक पत्रिका, अप्रकाशित शोधप्रबन्ध आदिको सन्दर्भसूची तयार गर्नुपर्दछ। विशेष गरी संस्कृतशास्त्रीय विषयहरूमा अपौरुषेय ग्रन्थहरूका लागि ग्रन्थप्रधान पद्धति प्रयोग गर्नु बढी सान्दर्भिक देखिन्छ। शास्त्रीय ग्रन्थहरूको सन्दर्भसूचीका लागि विशिष्ट पद्धतिको विकास गर्नु जरुरी हुन्छ। यसको विधि र पद्धतिका सम्बन्धमा अलग्गै कार्यपत्र तयार गर्न सकिन्छ। यहाँ सङ्क्षेपमा दिग्दर्शन मात्र गरिन्छ।

## सन्दर्भसूचीको उदाहरण


- अनुभूतिस्वरूपः, **सारस्वतव्याकरणम्**, चन्द्रकीर्तिव्याख्यासहितम्, नवलकिशोर–शास्त्री (सम्पा.), चौखम्बासंस्कृत संस्थान, वाराणसी, (तृ.सं.), २०६२ वै.
- **ईशादिविंशोत्तरशतोपनिषदः**, नारायणराम–आचार्यः (सम्पा.), निर्णयसागर—मुद्रणालयम्, मुम्बई, १९४८ वै.
- **ऋग्वेदसंहिता**, श्रीपादः शर्मा भट्टाचार्यः (सम्पा.), स्वाध्यायमण्डलः, औन्धनगरम्, १९४० वै.
- कालिदासः, **कुमारसम्भवम्** (सान्वयः प्रकाशहिन्दीव्याख्योपेतश्च), प्रद्युम्नपाण्डेयः (व्या.), चौखम्बा विद्याभवनम्, वाराणसी, (च.सं.), १९८१ वै.
- दुर्गादत्तशर्मा उपाध्यायः, **लघुसिद्धान्तकौमुदी सुबोधिनी नेपाली टीका**, महेन्द्र संस्कृत विश्वविद्यालय, दाङ, २०५७ वै.
- शिवराजः कौण्डिन्यायनः, **कतिपयनैपालसंस्कृतग्रन्थकारपरिचयः**, स्वाध्यायशाला, काष्ठमण्डपः, २०४८ वै.
- श्रीकृष्ण–आचार्यः, **उपसर्गार्थसंग्रहः**, उमाकान्तभट्टः (सम्पा.), गीर्वाणभाषाभिवर्धिनी सभा, मेलुकोटे, १९९३ वै.
- सभापतिशर्मोपाध्यायः, **वैयाकरणसिद्धान्तकौमुदीलक्ष्मीटीका**, (द्वितीयांशः), बालकृष्णः शर्मा (सम्पा.), मोतीलाल बनारसी–दास, वाराणसी, १९६६ वै.।


## निष्कर्षः

शोधप्रस्ताव लेखनको संस्कृतशास्त्रीय शैली विषयक प्रस्तुत कार्यपत्रमा संस्कृतशास्त्रहरूको अध्ययन अनुसन्धानका लागि उपयोगी हुने प्राचीन संस्कृत शास्त्रीय ग्रन्थहरूमा प्रतिपादित शैली, ढाँचा र स्वरूपका आधार र पाश्चात्य शोधविधिका विभिन्न संरचनाहरूको अध्ययन गरी पौरस्त्यवाङ्मयानुकूल शोधप्रस्ताव लेखनको सैद्धान्तिक

ढाँचा प्रस्तुत गरिएको छ। प्रस्तुत ढाँचाले संस्कृतशास्त्रमा निहित विषयगत अनुसन्धान पद्धतिको स्वरूपलाई गहन अनुसन्धानका साथ पत्ता लगाएर नेपाल संस्कृत विश्वविद्यालय र भारतवर्षका अन्य संस्कृतवाङ्मयका विधामा अनुसन्धान गराउने विश्वविद्यालयहरूका लागिसमेत उपयोगी हुने संस्कृतशास्त्रीय विषयानुसन्धानपद्धति तयार गर्नु पर्ने आवश्यकतालाई अग्रसारित गर्दछ। यस्तो पद्धतिको निर्माण नभएसम्मका लागि प्रस्तुत शोधप्रस्तावको ढाँचा प्रस्तावितमात्रै मान्नु पर्ने हुन्छ। यी दुवैको समन्वयात्मक स्वरूपबाट मात्रै संस्कृतनिष्ठ अनुसन्धानको समग्रपद्धति निर्माण गरी त्यसका आधारमा विश्वविद्यालयले संस्कृतका अनुसन्धानका कार्यक्रमहरूलाई अगाडि बढाउँदा यसको सार्थकता सिद्ध हुनेछ।

## कृतज्ञताज्ञापन

प्रस्तुत विचारपत्र तयार पार्ने क्रममा सहयोगका लागि लिइएका विभिन्न पुस्तकहरू र तिनका प्रणेताहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै प्रस्तुत शोधात्मकविचारपत्र तयार पार्न महत्त्वपूर्ण सुझाव दिनुहुने नेपाल संस्कृत विश्वविद्यालय अनिवार्य संस्कृत विषयसमितिका अध्यक्ष प्रा.डा. जीवन अधिकारी गुरुप्रति हार्दिक अभार प्रकट गर्दछु। साथै विश्वविद्यालय अनुदान आयोगको सहयोगमा कालिका संस्कृत विद्यापीठअन्तर्गतको अनुसन्धान व्यवस्थापन एकाइले कार्यक्रमको आयोजना गरी मलाई विचारपत्र प्रस्तुत गर्ने अवसर प्रदान गरेकामा सम्बद्ध संस्थाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। अन्तमा विचारपत्र प्रकाशनको महत्त्वपूर्ण अभिभारा बहन गर्नुहुने सम्पूर्ण प्राज्ञिकव्यक्तित्वहरूप्रति हार्दिक  साधुवाद व्यक्त गर्दछु।

## सन्दर्भसूची

(ग्रन्थप्रधान पद्धति)

१. **अनुसन्धानपद्धतिः** भागीरथप्रसाद–त्रिपाठी वागीश–शास्त्री (सम्पा.), सारस्वती–सुषमा, वर्षः २३, अङ्कः २, वर्षः २३, अङ्कः ३, सम्पूर्णानन्द–संस्कृत–विश्वविद्यालयस्यानुसन्धानकेन्द्रः, वाराणसी, २०२५ वै.।

२. **अनुसन्धानपद्धतिः**, प्रकाशतिवारी (ग्रन्थकारः), जीवन–अधिकारी (सम्पा.), श्रीमती सङ्गीता भण्डारी, काठमाडौँ, २०८१ वै.।

३. **अनुसन्धानप्रकाशः**, (सबै अङ्कहरू) नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रः, काठमाडौँ, २०६५–७३ वै.।

४. **अनुसन्धानप्रकाशः**, हरिप्रसादशर्मा–आचार्यः, स्थानेश्वर–गौतमः, त्रिवि–केन्द्रीय–संस्कृत–विद्यापीठम्, दाङ, २०४२ वै.।

५. **वैयाकरणसिद्धान्तकौमुदी**, भट्टोजिदीक्षितः, बालमनोरमाटीका, गोपालदत्त पाण्डेय (सम्पा.) चौखम्वा सुरभारती प्रकाशन, वाराणसी, (च.सं.), १९९९ वै. ।

६. **शोधविधि**, मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, साझा प्रकाशन, ललितपुर, तेस्रो संस्करण, २०६२ वै. ।

७. **शोधप्रविधिः पाण्डुलिपिविज्ञानञ्च**, **संस्कृतविद्यानुसन्धानस्य आधारभूमिः नवसंभावनाञ्च**, डा एन.आर. कण्णन् (प्र.सम्पा.) राष्ट्रिसंस्कृतसंस्थानम्, प्रयागः गङ्गानाथझा–परिसरः, २०१६ क्रै. ।

८. **संस्कृतशोधप्रविधिः**, प्रभुनाथ–द्विवेदी (लेखकः), सुरेशचन्द्र चौवे (सहलेखकः), शारदा संस्कृत संस्थान, वाराणसी, (द्विसं.), २०१७ क्रै. ।

९. **संस्कृतशोधप्रविधिः** सत्यनारायण आचार्यः (सम्पादक), श्रीमती सौदामिनी त्रिपाठी, सिद्धमहावीरपाटणा, पुरी, उडिसा, पुनर्मुद्रणम् २०१२ क्रै ।

१०. **साहित्यको अनुसन्धान व्यवस्थापन**, (दोस्रो संस्करण) दयाराम श्रेष्ठ, शिखा बुक्स, बागबजार, काठमाडौं, २०७९ वै. ।

११. **साहित्यानुसन्धानावबोधप्रविधिः**, रहसविहारी–द्विवेदी, शिववाङ्निमेधा प्रकाशनम्, जबलपुर–६१५, ग्रीनसिटि, माढोताल, ४८०००२ ।

१२. **American Psychological Association (Seventh Edition). Publication Manual : APA. (2020).**

**अप्रकाशित**

१३. प्रा.डा. जीवन अधिकारी, **संस्कृत शास्त्रीय अनुसन्धानमा सन्दर्भाङ्कन,** (अप्रकाशित कार्यपत्र), अनुसन्धान प्रविधि तालिम, पिण्डेश्वर विद्यापीठ, धरान, मिति २०८२।०१।२६, पृ. ९ ।